# आर्थिक बर्ष २०४३–४४

## २०४३ साल आषाढ २६ गते
## अर्थ राज्यमन्त्री भरत बहादुर प्रधानले
## दिनु भएको बजेट वक्तव्य

श्री ५ को सरकार
अर्थ मन्त्रालय
काठमाडौं
२०४३

**सम्माननीय अध्यक्ष महोदय,**

१.१ <u>**श्री ५ महाराजाधिराज**</u> सरकारबाट असीम निगाहपूर्वक राष्ट्रिय पञ्चायतको सदस्य नियुक्त गरिबक्सनुको सार्थ अर्थ तथा उद्योग राज्यमन्त्रीको गहन जिम्मेवारी सुम्पिबक्सेकोमा मौसूफ सरकारप्रति सभक्ति कृतज्ञता ज्ञापन गर्दछु । दोश्रो आम निर्वाचनपछि भैरहेको यस गरिमामय सदनको सैतीसौं अधिवेशनमा आर्थिक बर्ष २०४३।४४ को आय–व्यय विवरण पेश गर्ने अवसर पाउँदा गौरवान्वित छु । मैले पेश गर्न लागेको यो आय–व्ययको विवरण तथा कार्यक्रम २०४३ आषाढ ११ गतेको शाही सम्बनेधनमा उल्लेखित श्री ५ को सरकारको नीतिहरुमा आधारित छन् । माननीय सदस्यहले वितेका केही दिनहरुमा देशको अर्थ व्यवस्था सम्बन्धमा व्यक्त गर्तु भएका विचारहरु, पञ्चभेलाबाट पारित कार्यक्रमहरु र देशका विद्यामान समस्याहरुलाई समेत मध्यनजर राखी यो आय–व्यय विवरण र कार्यक्रम तर्जुमा गरेको छु ।

१.२ दलविहिन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको प्रादुर्भाव पछि विगत पच्चीस बर्षमा विकासका आधार स्तम्भहरुको निर्माणमा भएका उपलब्धिहरु उल्लेखनीय छन् । तर तिनीहरुको अधिकतम उपयोग गरी उत्पादन बृद्धि गर्ने कार्यमा भने हामीले अझ बढी प्रयास गर्नुपरेको छ । जनताको बढ्दो आकाँक्षा र न्यूनतम आवश्यकता परिपूर्ति गर्न लगानीको परिमाणमा बृद्धि गर्दै जान अति आवश्यक छ त्यति नै सीमित साधनको प्रभावकारी एवं फलदायी उपयोगमा पनि विशेष दृष्टि दिनु जरुरी भएको छ । यसै सन्दर्भमा <u>**श्री ५ महाराजाधिराज**</u> सरकारबाट २०४३ सालको नव बर्षको शाही सन्देशमा “हामीले नयाँ निर्माण गरेर मात्र पुग्दैन भइरहेको साधन र श्रोतको संरक्षणमा पनि जोड दिनु पर्दछ” भनी बक्स भएको मार्गदर्शन उल्लेख गर्न चाहन्छु ।

१.३ मैले यो सनदमा २०४२।४३ को आर्थिक सर्भेक्षण पेश गरिसकेको छ । यस सर्भेक्षणबाट आर्थिक क्षेत्रका परि सूचकहरुको प्रबृत्ति र अर्थ व्यवस्थामा देखा परेका समस्याहरु माननीय सदस्यहरुलाई जानकारी भइ सकेकै छ । तथापि आगामी आर्थिक बर्षको आय–व्यय विवरण पेश गर्नु अघि चालू आर्थिक बर्षको वस्तुस्थिति सम्बन्धी मुख्य पक्षहरु संक्षेपमा प्रस्तुत गर्न सान्दर्भिक ठान्दछु ।

१.४ चालू आर्थिक बर्षमा कूल गार्हस्थ उत्पादन स्थिर मूल्यमा ४.२ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ । गत बर्ष यसको बृद्धि दर स्थिर मूल्यमा २.९६ प्रतिशत थियो । कूल खाद्यान्न उत्पादन गत बर्ष १.७ प्रतिशतले घट्न गएकोमा चालु बर्ष ५.४ प्रतिशतले बृद्धि भएको अनुमान छ । चालू बर्ष धानको उत्पादन ३.५ प्रतिशत, मकै ६.६ प्रतिशत, गहुँ १०.३ प्रतिशत, र कोदो १०.९ प्रतिशतले बृद्धि भएको छ । नगदेवालीतर्फ जूटको उत्पादन ८४ प्रतिशत र उखु ४२ प्रतिशतले बृद्धि भएको देखिन्छ भने तेलहन र सुर्तीको उत्पादन क्रमशः १.९ र २५ प्रतिशत ह्रास भएको छ । ओद्योगिक उत्पादन गत बर्ष १.६ प्रतिशतले ह्रास भएकोमा चालू बर्ष ७.२ प्रतिशतले बृद्धि भएको अनुमान छ । चालू आर्थिक बर्षमा अधिकाँश उद्योगहरुको उत्पादन बढ्नुको साथै उद्योगहरुको क्षमता उपयोगमा सुधार भएको छ ।

१.५ अन्तर्राष्ट्रिय व्यापारतर्फ चालू आर्थिक बर्षको प्रथम नौ महिनामा २०४१।४२ को सोही अवधिको तुलनामा निकासीमा २०.२ प्रतिशतले बृद्धि भएको छ भने पैठारी तर्फ २४.५ प्रतिशतले बृद्धि हुन गई कूल व्यापार घाटा रु.४ अरब ५० करोड ७८ लाख पुग्ने अनुमान छ ।

१.६ देशको शोधनान्तर स्थिति विगत केही बर्षदेखि प्रतिकूल हुँदै गई गत बर्ष रु.८६ करोड ६० लाख घाटा भएको थियो । चालू बर्ष यसमा उल्लखनीय सुधार भई नौ महिनामा रु.५२ करोड ५ लाखले खुद बचत भएको छ र यो बचतको स्थिति आर्थिक बर्षको अन्तसम्म कायम हुने विश्वास गरेको छु ।

१.७ मुद्रा प्रदायको विस्तार गर्न बर्ष ११.१ प्रतिशतले भएकोमा चालू आर्थिक बर्ष अप्रत्याशित रुपले बृद्धि हुने देखिन्छ । चालु बर्ष सरकारी क्षेत्रमा जाने कर्जा गत बर्षको तुलनामा निकै कम भएतापनि सरकारी संस्थाहरु तथा निजी क्षेत्रमा प्रवाहित कर्जा विस्तार र बैदेशिक मुद्राको संचितिमा भएको बृद्धिको कारणले मुद्रा प्रदायमा बृद्धि हुन गएको हो ।

१.८ गत बर्ष मूल्य बृद्धि सरदर ४.१ प्रतिशत भएकोमा चालू बर्षको प्रथम नौ महिनामा १३.३ प्रतिशतले बृद्धि भएको छ र आर्थिक बर्षको अन्तसम्म यो अरु केही बृद्धि हुने अनुमान छ ।

२.१ बिगत केही बर्षदेखि अर्थ व्यवस्थामा देखा परेका विसंगतिहरुले अर्थतन्त्रमा नकारात्मक प्रभाव पारिरहेको छ । निरन्तर बढ्दो बजेट घाटाबाट भएको कर्जा विस्तारले एकातिर कूल मागमा अत्याधिक चाप पर्न गएको देखिन्छ भने अर्कोतिर आन्तरिक आपूर्ति स्थितिमा त्यस अनुरुप सुधार नभै दिनाले माग र आपूर्ति बीचको असन्तुलन क्रमिक रुपमा बढ्दै गयो । यसले गर्दा मुद्रा प्रदायमा विस्तार, शोधनान्तर स्थितिमा बढ्दो घाटा र विदेशी विनिमय संचितिमा ह्रास भई अर्थतन्त्र नाजुक स्थितिबाट गुज्रिरहेको छ ।

२.२ अर्थ व्यवस्थामा देखा परेका यी आर्थिक असन्तुलनहरुलाई नियन्त्रण गर्न चालू बर्षको मध्यतिर नेपाली मुद्राको भारतीय मुद्रा लगायत विश्वका अन्य सबै प्रमुख मुद्राहरुको दाँजोमा १४.७ प्रतिशतले अवमूल्यन गरियो । यसको लगतै पछि माग नियन्त्रण गर्ने उद्देश्यले लागू गरिएको अल्पकालिन आर्थिक कार्यक्रम अन्तर्गत कर्जा सीमा निर्धारण गर्नुको साथै साधारण एवं विकास खर्चमा कटौती गरियो । तर आपूर्ति व्यवस्थामा त्यति सुधार हुन नसकेकोले मूल्य नियन्त्रण हुन सकेन ।

२.३ अर्थ व्यवस्थामा देखिएका यी प्रबृत्तिहरुमा सकारात्मक परिवर्तन ल्याउन माग नियन्त्रण गरेर मात्र पुग्दैन । विकास कार्यमा तिब्रता ल्याई आपूर्ति स्थितिमा नै सुधार ल्याउन आजको मुख्य आवश्यकता छ । यस सम्बन्धमा **श्री ५ महाराजाधिरा** सरकारबाट शाही सम्बोधनमा "अर्थतन्त्रको सुदृढीकरणको निमित्त उत्पादनमा नै बृद्धि गर्नुपर्दछ र यसको लागि आर्थिक विकास र स्थायित्वमा जोड दिन"हुकूम भएको कुरा नै आगामी बर्षको नीति एवं कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

२.४ आर्थिक स्थायित्व कायम राखी विकासको गतिमा तीब्रता ल्याउन श्री ५ को सरकारले मध्यावधिक कार्यनीति तयार गरेको छ । उक्त कार्यनीतिका विशेषताहरु अब म संक्षेपमा उल्लेख गर्न चाहन्छ ।

(क) देशको उत्पादन स्थितिमा सुधार ल्याउन विकास खर्चमा गुणात्मक सुधार गरी बृद्धि गर्ने ।
(ख) सम्पन्न भै सकेका आयोजनाहरुको अधिकतम उपयोग गर्न संचालन, मर्मत एवं संभारमा जोड दिने ।
(ग) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरु समयमै सम्पन्न गर्न र चाँडो प्रतिफल प्राप्त हुने चालू आयोजनाहरुलाई शिघ्र सम्पन्न गर्न आवश्यक साधनको व्यवस्था गर्ने ।
(घ) साधारण खर्चको स्तरलाई नियन्त्रण गरी कूल गार्हस्थ उत्पादनको अनुपातमा हालकै स्तरमा कायम गर्ने ।
(ङ) विकास खर्च बढी योगदान दिन आन्तरिक श्रोतको परिचालनमा विशेष जोड दिने । यस अनुसार आगामी बर्ष कूल गार्हस्थ उत्पादनको अनुपातमा राजश्व संकलन १०.३ प्रतिशत पुऱ्याउने ।
(च) वैदेशिक सहायताको उपयोगमा गुणात्मक र परिमाणात्मक सुधार ल्याउने ।
(छ) खूद सरकारी बजेट घाटा आगामी बर्ष कूल गार्हस्थ उत्पादनको २ प्रतिशत भन्दा बढन नदिने ।
(ज) बैकिंग व्यवस्थाबाट सरकारले लिने कर्जा सीमा चालू बर्षको भन्दा कम गर्ने र कूल आन्तरिक कर्जा वान्छित सीमाभित्र राख्ने ।
(झ) कृषि र औद्योगिक उत्पादन बृद्धि गर्न आवश्यक उपकरणहरु तथा कच्चा पदार्थको आपूर्ति सुलभ गराउने ।
(ञ) व्यापार असन्तुलनलाई कम गर्न निकासी बृद्धि कार्यक्रमलाई बढी जोड दिनुको साथै मुख्य व्यापारकि सम्बन्ध भएका देशहरुसँग व्यापार सन्तुलन गर्ने उपायहरुबारे वार्ता चलाउने ।
(ट) मूल्य बृद्धि नियन्त्रण गर्न आवश्यक उपभोग्य बस्तुहरुको आपूर्ति बृद्धि गर्न आन्तरिक उत्पादनमा जोड दिनुको साथै सस्तो श्रोतबाट पैठारी गर्न प्रोत्साहित गर्ने ।
(ठ) कूल गार्हस्थ उत्पादनको अनुपातमा राष्ट्रिय बचत तथा विकास लगानी बृद्धि गरी देशमा आर्थिक गतिविधि बढाउँदै लगि रोजगारका अवसरहरु बढाउने ।

२.५ हाम्रा विकास आकांक्षाहरुको परिपूर्ति गर्न र उत्पादनमा सुधार ल्याउन विकास लगानी क्रमशः बढाउँदै लानु पर्ने कुरामाथि उल्लेख गरिसकेको छु । यसको लागि विदेशी सहायताको बढ्दो उपयोगको साथै आन्तरिक श्रोत परिचालनमा पनि जोड दिनु पर्नेछ । हाल हाम्रो राजश्व परिचालनको अनुपात कूल गार्हस्थ उत्पादनको दाजोमा करिब ९.३ प्रतिशत मात्र रहेको छ । विगत केही बर्षदेखि हामी यही स्थितिमा नै छौ । हाम्रा छिमेकी राष्ट्रहरुको राजश्व परिचालन स्थितिसँग दाँज्ने हो भने हाम्रो स्थिति ज्यादै निम्न रहेको छ । तसर्थ साधारण खर्चलाई पुरा गरी विकास खर्चको लागि आवश्यक बढी साधन जुटाउन आगामी बर्ष राजश्व परिचालन कूल गार्हस्थ उत्पादनको अनुपातमा करिब १०.३ प्रतिशत पुऱ्याउने लक्ष्य राखीएको छ । राजश्व परिचालनमा थप बृद्धि गर्न करको दरबन्दीमा बृद्धि गर्नुभन्दा करको उद्देश्य स्पष्ट गरी दरबन्दीमा मिलान गर्ने, करको दायर फराकिलो बनाउने, राजश्व संकलनमा मूल्य एवं उत्पादन बृद्धि बीचको सम्बन्ध बढाउने, प्रशासनिक एवं प्रचलित ऐन नियममा सुधार गर्ने आदि जस्ता कार्यमा आगामी बर्ष बढी जोड दिइनेछ । साधारण खर्चको बृद्धि दरलाई नियन्त्रण गर्नुको साथै आयोजनाहरुको लागि जुटाइएको रकम अपव्यय वा फजुल खर्च गर्ने वा अनियमित कारोवार गरी क्षति पुऱ्याउने जस्ता कुरामा प्रभावकारी ढङ्गबाट नियन्त्रण गर्न अपनाइएका प्रक्रियाहरु आगामी बर्ष झन् सुदृढ बनाइने छ ।

२.६ चालु बर्ष विदेशी मुद्रा संचितिमा बृद्धि हुनुका साथै कूल कर्जामा विस्तार भई मुद्रा प्रदाय निक्कै विस्तार हुन गएको हो । यसलाई वांछित सीमा भित्र राख्न बचत परिचालनमा जोड दिनुका साथै आन्तरिक कर्जा विस्तारलाई नियन्त्रण गरिनेछ । वाणिज्य बैंकहरुबाट जाने कर्जाको अधिकांश भाग निजी क्षेत्रमा प्रवाहित गरी उत्पादनशील क्षेत्रतर्फ लगाउन आवश्यक कदम चालिनेछ ।

२.७ आर्थिक विकासमा बैकिंग क्षेत्रबाट गरिने वित्तिय कारोवारको महत्वपूर्ण भूमिका रहेको छ । बैकिंग क्षेत्रलाई प्रतिस्पर्धात्मक वातावरणमा सेवा मूलक र दक्ष बनाउने प्रयास जारी रहनेछ । यस क्रममा ब्याज दरलाई लचिलो बनाएर निक्षेप बृद्धि एवं कर्जा तथा लगानी बीच तालमेल मिलाउन बाणिज्य बैकहरु आफैले ब्याज दर तोक्न सक्ने व्यवस्था कायमै राखिनेछ ।

२.८ चालु बर्षमा भएको अत्याधिक मूल्य बृद्धिलाई नियन्त्रण गरी आगामी बर्ष मूलय बृद्धि दरलाई एक अङ्कमा ओराल्न श्री ५ को सरकार कटिवद्ध छ । माथि उल्लेख गरेका मौद्रिक एवं वित्तिय नीतिले यस लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउने विश्वास लिएको छु । मूल्य बृद्धिको समस्या समाधान गर्न माग नियन्तण गर्ने कार्यक्रम मात्र पर्याप्त हुँदैन । यसको लागि आपूर्ति स्थितिमा नै सुधार हुनु नितान्त आवश्यक छ । अल्पकालीन अवधिमा आपूर्ति स्थितिमा सुधार ल्याउन पैठारीले पनि महत्वपूर्ण भूमिका खेल्ने हुँदा आगामी बर्ष त्यस्तो श्रोतबाट आवश्यक बस्तुहरु पैठारी गर्ने नीति अवलम्बन गरिनेछ । तर समस्याको यो स्थायी समाधान होइन । यसको लागि आन्तरिक उत्पादन पैठारी गर्ने नीति अवलम्बन गरिनेछ । तर समस्याको यो स्थायी समाधान होइन । यसको लागि आन्तरिक उत्पादन बृद्धि गर्नु नै मुख्य उपाय भएकोले कृषि, उद्योग जस्ता क्षेत्रमा उत्पादन बृद्धि र स्थायित्व ल्याउन विशेष जोड दिइनेछ ।

२.९ बैदृशिक व्यापारतर्फ पैठारी बढिरहेको तर त्यस अनुरुप निकासी बढ्न नसकेको कारणले असन्तुलन बढ्दै गइरहेको छ । यस किसिमको अस्वस्थ प्रबृत्ति कायम रहेमा अर्थ व्यवस्थाको सञ्चालनमा व्यवधान भई विकास कार्य मै गतिरोध आउँछ । यसर्थ व्यापार घाटा कम गर्न श्री ५ को सरकारले आगामी बर्ष निकासी व्यापारलाई उच्च बनाउन आवश्यक सुधार गरिनेछ । निर्यात पूर्व कर्जा उपलब्ध गराउने विधि बढी सरल बनाइनेछ । तयारी पोशाकको निर्यात लाई प्रोत्साहन दिन वण्डेड वेयर हाउसको व्यवस्था साथै संस्थागत रुपमा यसको विकासको लागि प्रोत्साहन गरिनेछ । ऊनी गलैचाको निकासी विस्तार गर्न कच्चा पदार्थको सरल आपूर्ति व्यवस्था मिलाइनेछ । यसको अतिरिक्त निकासी योग्य प्रमुख वस्तुहरुको छनौट गरी उत्पादन बृद्धि गर्न एवं गुणात्मक सुधार गर्न उपयुक्त कदमहरु चालिनेछन् । पैठारीतर्फ तेश्रो मुलुकबाट उपभोग्य वस्तुहरु पैठारी गर्न हालको बोल कबुल प्रथा कायम राखिनेछ । औद्योगिक कच्चा पदार्थ, निर्माण सामग्री र आवश्यक उपभोग्य वस्तुहरु सस्तो श्रोतबाट आयात गर्न उदार नीति अपनाइनेछ । यसबाट औद्योगिक उत्पादन क्षमताको बढी उपयोग हुने र आयात प्रतिस्थापन उद्योगहरु स्थापना गर्न प्रोत्साहन मिल्नुका साथै मूलय नियन्त्रण गर्न योगदान पुग्ने विश्वास लिएको छु ।

२.१० औद्योगिक विकासतर्फ उद्योगहरुको क्षमता बृद्धि गरि औद्योगिक उत्पादन बढाउने नीति अवलम्बन गरिनेछ । औद्योगिक व्यवसाय ऐन २०३८ लागु भएको पाँच बर्षमा पुनरावलोकन गर्ने भन्ने औद्योगिक नीतमा उल्लेख भएको छ । तद्नुसार पुनरावलोकन गरी समयानुकूल बनाइनेछ । यस सन्दर्भमा औद्योगिक क्षेत्र (सेक्टर) को समष्टिगत अध्ययनको साथै विषयगत अध्ययन पनि भैसकेको छ ।

२.११ श्री ५ को सरकारको स्वामित्वमा रहेका संस्थाहरु मध्ये अधिकाँश घाटामा गइरहेको छन् । संस्थाहरु आफ्नै खुट्टामा उभिन सकुन् भन्ने मनसायले चालू बर्ष श्री ५ को सरकारले विभिन्न कदमहरु चालेको छ । यस क्रममा गत केही बर्षदेखि संस्थानहरुको संचालनमा बढी स्वायत्तता दिने श्री ५ को सरकारको नीति रहेको छ । आगामी बर्ष यस नीतिलाई अझ दृढतापूर्वक कार्यान्वयन गरिनेछ । संस्थाहरुमा निजी क्षेत्रको सहभागिता बढाउन प्रभावकारी कदमहरु लिइनेछ ।

२.१२ सरकारी संस्थाहरुबाट विक्री वितरण भइरहेको वस्तु तथा सेवाहरुको लागि श्री ५ को सरकारबाट व्यहोर्नु पर्ने अनुदान ( सब्सीडी) को रकम बढ्दै गई धान्न नसक्ने स्थितिमा पुगेको छ । यस क्रमलाई जारी राखेको खण्डमा एकातिर वस्तु र सेवाको आपूर्तिमा संकूचन हुन जान्छ भने अर्कोतिर अर्थ व्यवस्था झन नाजुक हुन जानेछ । यसलाई मनन गरी वस्तु तथा सेवाको मूल्य नीतिमा सामाजिक न्यायलाई समेत दृष्टिगत गरी आवश्यक सुधार ल्याइनेछ ।

२.१३ देश विकास कार्यमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको कुरामा दुइ मत छैन । कृषि, उद्योग, वाणिज्य जस्ता महत्वपूर्ण क्षेत्रहरुमा निजी क्षेत्रलाई प्रोत्साहन दिन विभिन्न किसिमका सुविधाहरु प्रदान गर्दै आएको छ र आवश्यकतानुसार यसमा सुधार गरिनेछ । वित्तिय तथा मौद्रिक क्षेत्रमा लिइएका कदमहरुले निजी क्षेत्रको विकास हुनेछ भन्ने विश्वास लिएको छु ।

२.१४ विकेन्द्रीकरणको सिद्धान्त अनुसार योजनाबद्ध विकास गर्ने प्रकृयाको थालनी गरेको एक बर्ष मात्र भएको छ । यस अवधिमा जिल्ला र गाउँ पञ्चायतहरुमा स्थानीय रुपले योजना तर्जुमा र कार्यान्वयन गर्ने क्षेत्रमा लाभदायक अनुभवहरु हासिल भएको छन् । आगामी बर्षको आय–व्ययको अनुमान तयार गर्दा केन्द्र र जिल्लास्तरमा आयोजनाहरुको निमित्त स्पष्ट रुपले विनियोजन गर्ने व्यवस्था गरिएको छ । विकेन्द्रीकरणको प्रकृयालाई सुदृढ गर्दै लैजान श्री ५ को सरकार प्रयत्नशील रहनेछ ।

२.१५ श्री ५ को सरकारले आगामी बर्षमा कार्यान्वयन गर्ने वित्तिय, मौद्रिक तथा अन्य नीतिहरुको बारेमा उल्लेख गरे । यी नीतिहरुको अवलम्बनबाट देशको वर्तमान आर्थिक स्थितिमा सुधार आइ रोजगारीमा प्रशस्त बृद्धि हुने कुरामा म विश्वस्त छु ।

३.१ अब म आर्थिक बर्ष २०४१।४२ को यथार्थ आय–व्यय विवरण र चालु बर्षको संशोधित आय–व्यय विवरण पेश गर्दछु ।

३.२ आर्थिक ष्र्बा २०४१।४२ का मूल रु.८ अरब ५२ करोड २८ लाख खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थमा रु.८ अरब ३९ करोड ४९ लाख खर्च भएको छ । साधारणतर्फ रु.२ अरब ९९ करोड ५२ लाख खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थ खर्च रु.२ अरब ९० करोड ६२ लाख भयो । त्यस्तै विकास खर्च रु.५ अरब ५२ करोड ७६ लाख हुने संशोधित अनुमानमा यथार्थ खर्च रु.५ अरब ४८ करोड ८८ लाख भएको छ ।

३.३ आर्थिक बर्ष २०४१।४२ मा कूल आय रु.४ अरब ५ करोड ५४ लाख हुने संशोधित अनुमान भएकोमा रु.३ अरब ९१ करोड ६६ लाख प्राप्त भयो । विदेशी अनुदान सहायता रु.१ अरब ९ करोड ७५ लाख र विदेशी ऋण रु.१ अरब ७० करोड ४९ लाख प्राप्त हुने संशोधित अनुमान भएको मा अनुदान रु.९२ करोड ३४ लाख र ऋण रु.१ अरब ७५ करोड ४९ लाख प्राप्त भएको छ । यस प्रकार रु.१ अरब ६६ करोड ८१ लाख आन्तरिक ऋण उठाई न्यून पूर्ति गर्ने संशोधित अनुमान रु.१ अरब ७९ करोड ९९ लाख आन्तरिक ऋण उठाई यो न्यून पूर्ति भएको छ ।

३.४ चालु बर्ष कूल खर्च रु११ अरब ४८ करोड ९४ लाख हुने अनुमान भएकोमा रु.९ अरब ५९ करोड ५३ लाख हुने संशोधित अनुमान छ । यसमध्ये साधारणतर्फ रु.४ अरब ३० लाख खर्च हुने अनुमान भएकोमा रु.३ अरब ६० करोड २७ लाख खर्च हुने संशोधित अनुमान छ । त्यस्तै विकासतर्फ जम्मा रु.७ अरब ४८ करोड ६४ लाख खर्च हुने अनुमान भएको रु.५ अरब ९९ करोड २६ लाख खर्च हुने संशोधित अनुमान छ ।

३.५ चालु आर्थिक बर्षमा राजश्वतर्फ रु.५ अरब ५२ करोड ८२ लाख प्राप्त हुने अनुमान गरिएकोमा रु.४ अरब ६२ करोड ४७ लाख प्राप्त हुने संशोधित अनुमान छ । विदेशी सहायता अनुदान रु.१ अरब ९२ करोड ४७ लाख प्रापत हुने अनुमान भएकोमा रु.१ अरब ३८ करोड ८ लाख प्राप्त हुने संशोधित अनुमान छ । त्यस्तै विदेशी ऋण रु.२ अरब ६१ करोड ७५ लाख प्राप्त हुने अनुमान भएकोमा रु.२ अरब २२ करोड ४९ लाख प्राप्त हुने संशोधित अनुमान छ । यसरी चालू आर्थिक बर्षमा हुने कूल खर्च रु.९ अरब ५९ करोड ५३ लाखमध्ये राजश्वबाट रु.४ अरब ६२ करोड ४७ लाख र बैदेशिक सहायताबाट रु.३ अरब ६० करोड ५७ लाख व्यहोरिने भएकोले न्यून हुने रु.१ अरब ३६ करोड ४९ लाख आन्तरिक ऋणबाट व्यहोरिन छ ।

अब म आर्थिक बर्ष २०४३।४४ को आय–व्ययको अनुमान र विकास कार्यक्रम संक्षेपमा पेश गर्दछु ।

४.१ साधारणतर्फ आगामी आर्थिक बर्षमा रु.४ अरब ३० करोड ७१ लाख खर्च हुने प्रस्ताव गरिएको छ । उक्त रकममध्ये संवैधानिक अङ्गहरुमा रु.१४ करोड ६९ लाख, साधारण प्रशासनमा रु.५९ करोड ६१ लाख, राजश्व प्रशासनमा रु.९ करोड ६ लाख, आर्थिक प्रशासन र योजनामा रु.४ करोड ७ लाख, न्याय प्रशासनमा रु.६ करोड ३९ लाख, वैदेशिक सेवामा रु.१० करोड ३१ लाख, रक्षामा रु.६९ करोड ३२ लाख, सामाजिक सेवामा रु.५२ करोड ४१ लाख, आर्थिक सेवामा रु.२९ करोड ५५ लाख ऋण लगानी र साँव ।ब्याजमा रु.१ अरब ३० करोड ८८ लाख र विविधमा रु.४४ करोड १ लाख छुटयाइएका छन् ।

४.२ विकास बजेटको कूल खर्च रु.८ अरब ७४ करो.ड ५५ लाखमध्ये आर्थिक सेवाको लागि रु.६ अरब १३ करोड ७७ लाख, सामाजिक सेवाको लागि रु.२ अरब ३६ करोड ७५ लाख, साधारण प्रशासन, आर्थिक प्रशासन तथा योजना र विविधको लागि रु.२४ करोड ३ लाख राखेको छु । आर्थिक सेवाको लागि विनियोजित रकममध्ये कृषि, भूमिसुधार, नापी, र सिचाईमा रु.१ अरब ८२ करोड ४५ लाख, बन तथा भू–संरक्षणमा रु.४७ करोड ४५ लाख, यातायातमा रु.१ अरब २२ करोड ४४ लाख, विद्युतमा रु.१ अरब ८१ करोड ९१ लाख, उद्योग तथा खानीमा रु.४४ करोड १ लाख, सञ्चारमा रु.१६ करा.ड ४४ लाख र अन्य आर्थिक सेवामा रु.१९ करोड ७ लाख राखिएका छन् । सामाजिक सेवाहरुतर्फ शिक्षा रु.१ अरब ४ करो.ड ३८ लाख, स्वास्थ्यमा रु.३७ करोड ९६ लाख, खानेपानीमा रु.२९ करोड ८७ लाख, पञ्चायत तथा स्थानीय विकासमा रु५३ करोड ७० लाख र अन्य सामाजिक सेवाहरुमा रु.१० करोड ८५ लाख छुटयाइएका छन् ।

४.३ देशको राष्ट्रिय उत्पादनको ६० प्रतिशत भाग कृषि क्षेत्रबाट प्राप्त हुन्छ । यस क्षेत्रको विकासबाट नै जनजीवन स्तर माथि उठाउन संभव हुन्छ । तर यस क्षेत्रमा भएको ठूलो लगानीको बावजूद पनि कृषि अझै मौसममा निर्भर हुन गइ उत्पादनमा स्थायित्व तथा गति आउन सकेको छैन । पानी,मल,बीउ, र प्रविधिको समुचित उपयोगबाट कृषिको उत्पादकत्व प्रशस्त मात्रामा बढाउन सकिने गुन्जायस भएको अनुसन्धानबाट प्रमाणित भैसकेको छ । आगामी बर्ष सिंचित क्षेत्रमा र सिचाई गर्न सकिने संभावना भएको क्षेत्रमा समयमानै कृषि सामग्रीहरु तथा प्रविधिलाई सघन रुपले कृषक स्तरमा पुर्‍याई उत्पादन बृद्धि गर्ने कार्यक्रम राखिएको छ। सिचाई आयोजनाहरुको नहर सञ्चालन, मर्मत तथा संभार गर्ने कार्यमा विशेष जोड दिइएको छ। यी कार्यहरु उपभोक्ता समूहबाटै गराउनेतर्फ प्रभावकारी कदम चालिने छ । बैंकको ऋणबाट स्यालो टयूबवेल जडान गर्न कृषकहरुलाई अनुदान दिने नीति कायम नै गरिनेछ । पशु प्रसार तथा पशु स्वास्थ्य कार्यक्रमलाई उत्पादनमूलक बनाइनेछ । पशु अनुसन्धान कार्यलाई प्रभावकारी बनाई देश सुहाउँदो उपयुक्त नश्लको विकास गरिनेछ । पशुपंक्षी रोगलाई नियन्त्रण गर्न प्रतिकारात्मक सेवा र पशु स्वास्थ्य उपचार सेवा विस्तार गरिनेछ । शहरी क्षेत्रमा माछा, मासु, दूध, तरकारी र फलफूलको बढ्दै गएको मागलाई दृष्टिगत गरी यसको आपूर्ति बढाउन कृषकहरुलाई प्रोत्साहित गरिने छ । ग्रामीण स्तरमा साझा संस्थाहरुको माध्यमबाट पनि कृषकहरुलाई आवश्यक सेवा तथा सहयोग पुर्‍याउने कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । निम्न आयस्तर भएका किसानहरुको रोजागारी तथा आय बृद्धि गर्न साना किसान विकास आयोजनाको महत्वपूर्ण योगदान रहि आएको छ। यो कार्यक्रमलाई विस्तार गरिनेछ । आगामी बर्ष कृषि विकास कार्यक्रमको निमित्त रु.८७ करोड ४० लाख र सिचाई कार्यक्रमको लागि रु.८५ करोड ५ लाख राखिएको छ । भूमिसुधार, साझा विकास तथा नापी सम्बन्धी कार्यक्रमहरुको लागि रु.१० करोड व्यवस्था गरिएको छ ।

४.४ देशको वन सम्पदामा भैरहेको ह्रासले वातावरणमा असन्तुलन भै बाढी, पहिरो र भू–क्षय जस्ता समस्याहरु विकराल रुपमा देखा परेका छन् । काठ, दाउरा, घाँस, जडीबुटी आदि वन सम्बन्धी उत्पादनको बढ्दो आवश्यकता पूर्ति गर्नको निमित्त विशेष महत्व दिइएको छ । आगामी आर्थिक बर्ष सामुदायिक बन विकास, निजी बन विकास, भू–संरक्षण तथा वनस्पति सम्बन्धि जडीबुटीको कार्यक्रमलाई अगाडि बढाइनेछ । वातावरणमा सन्तुलन कायम राख्ने र विभिन्न प्राकृतिक क्षेत्रहरुमा स्थापना भएका निकुञ्ज तथा बन्यजन्तु आरक्षहरुमा दुर्लभ भएका वन्यजन्तुहरुको संरक्षण र सम्बर्द्धन गरिनेछ । यी कायृक्रमहरुको निमित्त रु.४७ करोड ४५ लाख प्रस्ताव गरेको छु ।

४.५ उद्योग तथा खानीतर्फ आगामी आर्थिक बर्ष कपास विकास आयोजना र लुम्बिनी चिनी कारखानाको कार्यान्वयन गरिनेछ र नेपालञ्ज कागज कारखाना स्थापनाको लागि प्रारम्भिक कार्यहरुको व्यवस्था गरिनेछ । निजी क्षेत्रमा घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन गरी ग्रामीण क्षेत्रमा रोजगार र आय बढाउनुको साथै निकासी योग्य वस्तुहरुको उत्पादन बढाउन कर्जा, तालीम र संसथागत आधारहरु थप जिल्लाहरुमा समेत पुर्‍याउन घरेलु तथा साना उद्योग आयोजनाको दोश्रो चरण प्रारम्भ गरिने छ । साथै मझौला र ठूला उद्योगको ऋण सहायताको लागि नेपाल औद्योगिक विकास निगम अन्तर्गत आवश्यक रकमको व्यवस्था गरिएको छ । हाल निर्माणाधीन म्यागनासाइट उद्योग आगामी बर्ष उत्पादनमा आउने भएको छ । पेट्रोलियम अन्वेषण आयोजनाहरुको साथै अन्य अन्वेषण कार्य जारी राखिनेछ । उद्योग र खानी विकास कार्यक्रमको लागि रु.४४ करोड १ लाख छुटयाइएको छ ।

४.६ हाम्रो देशको विकास परिप्रेक्षमा जलश्रोतमा आधारित विद्युत्को अग्रगण्य स्थान छ । यो श्रोतको विकास र उपयोगले देशको आर्थिक संरचनालाई सुदृढ गराउन महतवपूर्ण योगदान पुऱ्याउने कुरा सर्वविदितै छ । जलश्रोत आधारित विद्युत् उत्पादन केन्द्रको निर्माणमा पूँजीगत लगानीको मात्रा बृहत् हुन्छ । आन्तरिक खपत बढाउन र निर्यातको सभवनालाई समेत विचार गरेर यथासम्भव सस्तो दरमा विद्युत् उत्पादन गर्नु आवश्यक छ । यसको लागि सम्भाव्य आयोजनाहरु मध्य न्यूनतम खर्चमा कार्यान्वयन गर्न सकिने बढी क्षमताको विद्युत् उत्पादन केन्द्र स्थापनामा जोड दिइनेछ । चालू बर्ष डुम्कीबास–बुटवल र हेटौडा–जनकपुर १३२ के.भी.प्रसारण लाइनहरु पुरा भएका छन् भने आगामी आर्थिक बर्षमा बुटवल–नेपालगञ्ज प्रसारण लाइन, दोश्रो कुलेखानी जल विद्युत आयोजना तथा केही साना जलविद्युत आयोजनाहरु पूरा हुने छन् । आगामी बर्षको राष्ट्रिय प्राथमिकता प्ापत आयोजनाहरुमा मर्स्याङदी जलविद्युत् आयोजनाको कार्यान्वयन उल्लखनीय छ । विद्युत् क्षेत्रको लागि रु.१ अरब ८१ करोड ९१ लाख प्रस्तावित छ ।

४.७ पर्यटन उद्योगले बैदेशिक मुद्रा आर्जन गर्न र रोजगारीमा बृद्धि गर्न गरेको योगदानलाई दृष्टिगत गर्दा यो उद्योगको विस्तार तथा सम्बर्द्धन गर्दै जानु आवश्यक छ । यसको निमित्त त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको विस्तार तथा गुणत्मक स्तरमा बृद्धि गर्ने कार्य भइरहेको छ । आन्तरिक हवाई सेवामा सुधार ल्याउन विमान स्थलहरुको मर्मत तथा संभारमा विशेष ध्यान दिइनेछ । पर्यटनहरुको बसाई अवधिमा बृद्धि गर्ने दृष्टिकोणले दृश्यावलोकनको लागि उपयुक्त स्थलहरु र धार्मिक तथा सांस्कृतिक स्थलहरुलाई आकर्षण बनाउनेतर्फ विशेष प्रयास हुने छ । आगामी बर्ष पर्यटन तथा हवाई यातायात विकासको निमित्त रु.२८ करोड २४ लाख छुटयाइएको छ।

४.८ यातायाततर्फ राष्ट्रिय प्राथमिकता प्राप्त महेन्द्र राजमार्गको कोहलपुर–महाकाली खण्ड, डडेलधुरा–डोटी, डडेलधुरा–बैतडी–दार्चुला, इलाम–फिदिम,फिदिम–ताप्लेजुङ्ग मोटर बाटो र दार्चुला–टिकर घोडेटो बाटो आयोजनाहरुको निमित्त पर्यापत रकमको व्यवस्था गरिएको छ । यसको साथै पूरा भएका सडकहरुको मर्मत र संभारको लागि आगामी आर्थिक बर्षको निमित्त रु.९ करोड ६७ लाख छुटयाइएको छ । आगामी आर्थिक बर्षमा सडक यातायात तथा पुलसमेतको लागि रु.१ अरब ७ करोड ७९ लाख राखिएको छ ।

४.९ सञ्चार क्षेत्रमा हुलाक सेवा विस्तारको साथै दूर सञ्चारतर्फ अधिराज्यको विभिन्न स्थानहरुमा टेलिफोन लाइन विस्तार, आन्तरिक तथा बाह्य सेवामा थप ट्रंकल र टेलेक्स सुविधाको स्थापना गर्ने आयोजना र ग्रामीण दूर सञ्चार आयोजनाको कार्यान्वयन जारी राखिनेछ । सञ्चारतर्फ यी कार्यक्रमहरुको लागि जम्मा रु.१६ करोड ४४ लाख रकम प्रस्तावित छ ।

४.१० शिक्षातर्फ प्राथमिक शिक्षामा जोड दिई साक्षरता बृद्धि गरिनेछ । साथै देशको आर्थिक विकासका लागि आवश्यक पर्ने उच्च, मध्यम र दक्ष जनशक्ति तयार गर्ने तथा शिक्षाको गुणस्तर बृद्धि गर्नेतर्फ विशेष प्रयास गरिनेछ । यी कार्यक्रमहरुको लागि रु.१ अरब ४ करोड ३८ लाख छुटयाइएको छ ।

४.११ स्वास्थ्यतर्फ एकीकृत सामुदायिक स्वास्थ्य कार्यक्रम र परिवार नियोजन तथा मातृ शिशु कल्याण कायृक्रमहरुको अतिरिक्त अस्पतालहरुको सुदृढीकराण तथा विस्तारको साथै औलो उन्मूलन, विस्तारित खोप आदि कार्यक्रमहरु पनि जारी राखिनेछन् । स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको निमित्त रु.३७ करोड ९६ लाख समावेश गरिएको छ ।

४.१२ खानेपानी तर्फ विभिन्न शहरी क्षेत्रमा खानेपानी तथा ढल निकास कार्यक्रम कार्यान्वयन गरिनेछ । ग्रामीण क्षेत्रमा खानेपानी कार्यक्रम कार्यान्वयन गर्न विशेष जोड दिइएको छ। खानेपानी कार्यक्रमको लागि रु.३४ करोड ८२ लाख छुटयाइएको छ ।

४.१३ पञ्चायत तथा स्थानीय विकास कार्यक्रम अन्तर्गत गऱ्हा सिचाई कार्यक्रम, दुर्गम क्षेत्र विकास, महिला विकास आदि कार्यक्रमहरुलाई बढी प्रभावकारी रुपमा सञ्चालन गर्न जोड दिइएको छ। यी कार्यक्रमहरुको निमित्त रु.४८ करोड ७४ लाख प्रस्तावित छ ।

४.१४ यसरी साधारण र विकास गरी रु.१३ अरब ५ करोड २६ लाख खर्च मध्ये राजश्वको वर्तमान दर तथा प्रशासनिक सुधार गरी जम्मा रु.५ अरब ४६ करोड १ लाख र बैदेशिक सहायता अनुदान तथा ऋण गरी जम्मा रु.५ अरब ९३ करोड ७५ लाख व्यहोर्ने भई रु.१ अरब ६५ करोड ५० लाख न्यून हुनेछ ।

५.१ अब म राजश्व सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५.२ देशमा कुल राजश्व सङ्कलन राष्ट्रिय आयको अनुपातमा कम छ । यसो हुनुमा वर्तमान कर प्रणालीमा लोचता कम हुनाले हो । फलस्वरुप बढ्दो सरकारी खर्चको लागि साधन जुटाउन करका दरहरुमा नै बृद्धि गर्ने गरिएको छ । यसले गर्दा एकातिर हाम्रा करका दरहरु उच्चस्तरमा पुगिसकेको छ भने अर्कोतिर हाम्रो कर प्रणाली क्लिष्ट हुनुको साथै देशको साधनको उपयोगमा पनि विकृति देखिएको छ ।

५.३ राजश्व सम्बन्धी यी प्रस्तावहरु तर्जुमा गर्दा राजश्वलाई मात्र दृष्टिगत नगरी व्यावहारिकता तथा वर्तमान कर प्राण्लीका कमजोरीहरु केही हटाउने प्रयास गरिउको छ । कर प्रस्तावमा देहायका बुँदाहरुमा ध्यान दिइएकोछ :

(क) करको परिधि विस्तार गर्ने ,

(ख) कर प्रणालीमा लोचता बृद्धि गर्ने , र

(ग) कर प्रणालीमा देखिएका विकृति हटाई सुधार गर्ने ।

५.४ पहिले प्रत्यक्ष कर सम्बन्धी प्रस्तावहरु पेश गर्दछु ।

५.५ हालसम्म पब्लिक लिमिटेड कम्पनी तथा सङ्गठित संस्थाहरुले गरेको मुनाफामा आयकर लगाउँदा व्यक्तिहरुलाई सरह प्रगतिशील दरमा आयकर लगाउने गरिएको छ । आगामी बर्ष देखि सेक्युरिटी खरिद बिक्री केन्द्रमा सूचीकरण भएका कम्पनी तथा सरकारी संस्थाहरुलाई साविकको आयकर दरको बदला तिनीहरुको खुद आयमा समदरले ४० प्रतिशत कर्पोरेट आयकर लगाउने व्यवस्था गरिएको छ । यस व्यवस्थाबाट कम्पनीहरुलाई मुनाफाको बढी भाग कम्पनीकै विकासमा लगाउन प्रोत्साहन हुने भै कम्पनीहरुको सुदृढीकरण हुने आशा राखेको छु ।

५.६ कर्पोरेट आयकर लाग्ने कम्पनी तथा संस्थाहरुले लाभांश वितरण गर्दाकै अवस्थामा लाभांश आयकर वापत २० प्रतिशतले अग्रिम कट्टा गरी राख्नु पर्नेछ । यसरी अग्रिम कट्टा गरेको रकम लाभांश प्रापत गर्ने शेयरहोल्डरलको लाभांश समेतको अन्य श्रोतको आयमा जोडी हुने आयमा लाग्ने आयकरबाट कट्टा गरिने छ।

५.७ कम्पनी, फर्म र अस्थायी वासिन्दाको लागि छुट्टै र व्यक्तिहरुको लागि छुट्टै दरमा आयकर लगाउनुको कुनै औचित्य नदेखिएकोले कर्पोरेट आयकर तिर्ने कम्पनी वा संस्थाहरु बाहेक सबै व्यक्तिहरु हाल लागि आएको आयकर दर नै लगाइ आगामी बर्षदेखि आयकर असूल गरिनेछ । तर कम्पनी, फर्म र अस्थायी वासिन्दाले भने व्यक्ति, दम्पत्ति वा परिवारलाई आयकर नलाग्ने भनी दिइएको आयको हदको छुट पाउने छैन ।

५.८ आगामी आर्थिक बर्षदेखि घर जग्गा बहालमा लिनेहरुले आफुले लिएको घरजग्गाको बहाल घरजग्गा धनीलाई भुक्तानी गर्दा आयकर वापत देहायका दरले कट्टा गरी श्री ५ को सरकारले तोकेको खातामा जम्मा गर्नु पर्नेछ । यसरी अग्रिम कट्टा गरेको कर रकम वहाल आय प्राप्त गर्नेले पछि बहाल आय समेतको अन्य आयमा लाग्ने आयकरबाट कट्टा गर्न पाउनेछ ।

| घरजग्गा धनीले बार्षिक पाउने बहाल | बहाल लिनेले अग्रिम कट्टा गर्नुपर्ने प्रतिशत |
|---|---|
| रु.१५,००० सम्म | कट्टा गर्नु नपर्ने |
| रु.१५,००० देखि माथि रु.५०,००० सम्म | १० |
| रु.५०,००० देखि माथि रु.१,००,००० सम्म | १५ |
| रु.१,००,००० देखि माथि | २५ |

५.९ हाल बैङ्कहरुमा राखिएको मुद्दति निक्षेपको ब्याजबाट हुने आयमा बार्षिक ब्याज रु.५०००/– भन्दा माथि जतिसुकैमा पनि ५ प्रतिशत मात्र कट्टा गर्ने व्यवस्था भैरहेकोमा आगामी बर्ष देखि देहाय बमोजिम अग्रिम ब्याज कर कट्टा गर्ने व्यवस्था गरिएको छ । यसरी कट्टी गरिएको रकम सम्बन्धित कर कार्यालय मार्फत श्री ५ को सरकारको धरौटी खातामा जम्मा गरिने छ । कुनै व्यक्तिको ब्याज आय समेतको अन्य आयमा आयकर नलाग्ने रहेछ भने कर कार्यालयले त्यस्तो कट्टा गरेको रकम तुरुन्त फिर्ता गर्ने व्यवस्था गरिएको छ ।

| वार्षिक पाउने ब्याज रकम | अग्रिम कट्टा गर्ने दर |
|---|---|
| रु.५,००० सम्म | कट्टा नगर्ने |
| रु.५,००० देखि माथि रु.१५,००० सम्म | ५ प्रतिशत |
| रु.१५,००० देखि माथि रु. ३०,००० सम्म | १० प्रतिशत |
| रु. ३०,००० देखि माथि रु. ५०,००० सम्म | १५ प्रतिशत |
| रु.५०,००० देखि माथि | २० प्रतिशत |

५.१० हाल पारिश्रमिक आयकरदाताहरुलाई विभिन्न खर्च वापत बेग्लाबेग्लै किसिमको छुट दिई आएकोमा यसलाई सरलीकरण गर्न आगामी बर्ष देखि सञ्चयकोष वापत कट्टा हुने रकम कटाई बाँकी रहने रकममा १५% पन्ध्र प्रतिशत वा बार्षिक रु.३०००/– मध्ये जुन घटी हुन्छ सो रकम अन्य खर्च वापत कट्टा गरी खुद आय कायम गर्ने व्यवस्था गरिएको छ ।

५.११ घरेलु तथा ग्रामीण उद्योगहरुले वार्षिक र.१ लाखसम्म मूल्यको वस्तु उत्पादन गरी किन्री गरी आर्जन गरेको आयमा जतिसुकै मुनाफा गरेमा पनि आयकर नलाग्ने व्यवस्था गरिएको छ ।

५.१२ करदाताहरुलाई आफ्नो आयको हिसाव किताब राख्न प्रोत्साहन गर्ने उद्देश्यले हिसाब किताब राखी कर निर्धारण गराउने व्यक्ति तथा साझेदारी फर्मलाई हाल आयकर रकमको ३ प्रतिशत छुट दिएबाट सकारात्मक असर परेको देखिएको छ । यसलाई अझै प्रोत्साहित गर्न हिसाब किताब राखी कर निर्धारण गराउने करदातालाई आगामी बर्ष देखि बुझाउनु पर्ने आयकर रकममा ५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ ।

५.१३ आयकर सम्बन्धी अरु व्यवस्था यथावत कायम नै राखीएको छ । उपर्युक्त परिवर्तनहरुबाट रु.६ करोड ३५ लाख थप राजश्व सङ्कलन हुने अनुमान छ ।

५.१४ मालपोततर्फ अधिराज्भर २० रोपनी वा १ विगाहा सम्म जग्गा हुने जग्गा धनीलाई साना किसान मानी मालपोतमा ९९ प्रतिशत छुट दिई आएकोमा सरलीकरणको लागि यस्ता जग्गा धनीहरुबाट रु.१/– मालपोत बुझाउनु पर्ने व्यवस्था गरिएको छ ।

५.१५ लिखित रजिष्ट्रेशनतर्फ तीनपुस्ता भित्रको नातेदारलाई बकसपत्रको लिखत पारित गर्दा र अरुलाई गरेको बकसपत्र लिखत पारित गर्दा पनि एउटै दरमा रजिष्ट्रेशन दस्तुर लाग्ने गरिएकोमा सामाजिक न्यायको दृष्टिकोणले उचित नदेखिएकोले तीनपुस्ता भित्रको नातेदारको बकसपत्र लिखतमा देहाय बमोजिमको रजिष्ट्रेशन दस्तुर लाग्ने व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| (क) रु.५,००० सम्मको थैलीमा | रु.१००/– |
| (ख) रु.५,००० देखि माथि ५०,००० सम्मको थैलीमा | २ प्रतिशत |
| (ग) ५०,००० देखि माथि जतिसुकैको थैलीमा | ५ प्रतिशत |

५.१६ अंशवण्डाको लिखत रजिष्ट्रेशन पारित गर्दा हाल लागि आएको रजिष्ट्रेशन दस्तुर दर बढी भयो भन्ने धारणालाई ध्यानमा राखी देहाय बमोजिमको रजिष्ट्रेशन दस्तुर दर कायम गरिएको छ ।

| | |
|---|---|
| (क) रु.५०,००० सम्मको विगोमा | रु.५०/– |
| (ख) रु.५०,००० देखि माथि रु.२,००,००० सम्मको विगोमा | १ प्रतिशत |
| (ग) रु.२,००,००० देखि माथि जतिसुकैमा | २ प्रतिशत |

५.१७ मोही लागेको जग्गा राजिनामा र बकसपत्र गर्दा तोकिएको रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ ।

५.१८ लिखत पारित गर्दा थैली कम लेख्ने, चलन चल्तीको मूल्य र लिखतमा देखाउने मूल्यमा धेरै अन्तर भै रजिष्ट्रेशन दस्तुरबाट प्राप्त हुनुपर्ने वास्तविक राजश्व प्राप्त हुन सकेको छैन । तसर्थ रजिष्ट्रेशन गरिने लिखतहरुमा थैली अङ्क कायम गर्ने प्रयोजनको लागि सम्बन्धित क्षेत्रको जग्गा जमिनको चलन चल्तीको मूल्यको आधारमा न्यूनतम मूल्य तोक्ने व्यवस्था गरिने छ । यसबाट थप रु.१ करोड ५० लाख राजश्व सङ्कलन हुने अनुमान छ ।

५.१९ मैले उल्लेख गरेका परिवर्तनहरु बाहेक मालपोत, भूमिकर र रजिष्ट्रेशन दस्तुरको दरको सम्बन्धमा हाल रहेका व्यवस्थालाई यथावत नै कायम राखिएको छ ।

५.२० सवारी साधनकर तर्फ निजी सवारी साधनमा हाल लागि आएको सवारी साधन करमा निम्न बमोजिम कर दर परिवर्तन गरी आगामी बर्षदेखि असूल गरिने छ। तर भाडाका सवारी साधन भने केही परिवर्तन गरिएको छैन ।

| सवारी किसिम | करको दर | |
|---|---|---|
| १. कार, जीप र भ्यान | | |
| (क) १३०० सी.सी. सम्म | रु.३।– | प्रति १० सी.सी |
| (ख) १३०१ सी.सी. देखि २००० सी.सी.सम्म | रु.३।७५ | ,, ,, |
| (ग) २००१ सी.सी. देखि २९०० सी.सी.सम्म | रु.४।५० | ,, ,, |
| (घ) २९०१ सी.सी. देखि माथि | रु.६।– | ,, ,, |
| २. मोटर साइकल १५० सी सी. सम्म | रु.५५।– | |
| ३. मोटर साइकल १५० सी.सी. भन्दा माथि | रु.८०।– | |

डिजेलबाट चल्ने निजी कार, जीप, भ्यानका हकमा माथि उल्लेखित सवारी साधन करको साथै देहाय बमोजिम अतिरिक्त सवारी साधन कर लगाइने छ ।

| | | |
|---|---|---|
| (क) १३०० सी.सी. सम्म | अतिरिक्त कर | रु.५००।– |
| (ख) १३०१ सी.सी. देखि २००० सी.सी.सम्म | ,, ,, | रु.१०००।– |
| (ग) २००१ सी.सी. देखि २९०० सी.सी.सम्म | ,, ,, | रु.१५००।– |
| (घ) २९०१ सी.सी. देखि माथि | ,, ,, | रु.२०००।– |

५.२१ अरु सवारी साधन कर यथावत राखिएको छ । यस परिवर्तनबाट थप रु.१० लाख राजश्व संकलन हुने अनुमान छ ।

५.२२ आगामी आर्थिक बर्षदेखि हाल लागि आएको आय टिकट दस्तुर खारेज गरिएको छ । यसबाट रुं.२५ लाख राजश्व घटने छ ।

५.२३ हवाई उडानतर्फ आगामी बर्षदेखि प्रति हवाई यात्रु देहाय बमोजिम हवाई उडान कर लगाई असूल उपर गरिनेछ ।

| <u>आन्तरिक उडानतर्फ</u> | <u>हवाई उडान करको दर</u> |
|---|---|
| (क) भद्रपुर, विराटनगर, राजविराज, जनकपुर, सिमरा भरतपुर, पोखरा, सिद्धार्थनगर र काठमाडौं | रु.३०।– प्रति यात्रु |
| (ख) नेपालगञ्ज, दाङ्ग, धनगढी र महेन्द्रनगर | रु.२०।– प्रति यात्रु |
| (ग) बाँकी अन्य स्थानहरुमा | रु.१०।– प्रति यात्रु |

<u>अन्तरराष्ट्रिय उडानतर्फ :</u>

| | |
|---|---|
| अधिराज्यबाहेक अन्य जुनसुकै मुलुकमा | रु.१५०।– प्रति यात्रु |

५.२४ उपर्युक्र परिवर्तनहरुबाट रु.१ करोड ४० लाख थप राजश्व संकलन हुने अनुमान छ । हवाई उडान कर सम्बन्धी अरु व्यवस्था यथावत कायम राखिएको छ ।

५.२५ अब म अप्रत्यक्ष कर सम्बनधी प्रस्ताव पेश गर्दछु ।

५.२६ भन्सार महसूल दरहरु परिवर्तन गर्दा केन्द्रिय टेरिफ बोर्डले दिएको सुझावहरुलाई ध्यानमा राखेको छ । साथै भन्सार दरबन्दीलाई सरलीकरण गर्ने तथा विभिन्न श्रोतहरुबाट आयात गर्दा विभिन्न दरमा पैठारी महशसूल लाग्ने भै रहेकोलाई यथासम्भव एकै किसिमको दर कायम गर्ने प्रति ध्यान पुऱ्याएको छ ।

५.२७ निर्यात प्रोत्साहन गर्ने उद्देश्यले निर्यात महशुलमा दिई आएको भंसार सुविधा कायमै राखेको छ । तर बन जङ्गलको संरक्षणको लागि तथा वन पैदावारको अतिरिक्त आवश्यकता पूरा गर्नेतर्फ नै बढी ध्यान दिनु पर्ने देखिएकोले गोलिया लकडी, चिरानी काठ, कत्थाको निकासामा केही महशूल बृद्धि गरेको छ ।

५.२८ हालै अन्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको ह्रासबाट विदेशी मुद्राको खर्चमा केही बचत हुनुको साथै पेट्रोलियम पदार्थको पैठारी लागतमा पनि केही कमी हुने भएको छ । यसबाट विगत बर्षहरुमा पेट्रोलियम पदार्थको कारोवारमा भएको नोक्सानी पूर्ति गर्न सकिने देखिएकोले पेट्रोल, डिजेल र लुब्रिकेन्टसमा केही भनसार महशूल बृद्धि गरेको छु । यसबाट यी पदार्थको विक्री मूल्यमा भने बृद्धि हुने छैन ।

५.२९ भीडीओ डेक, सिन्थेटिक धागो जस्ता केही वस्तुहरुमा भन्सार महशूल बृद्धि गरेको छु ।

५.३० संशोधित भन्सार महशूल दरहरु अनुसूची १,२,३ र ४ मा दिइएको छ । यी दरहरु आजैदेखि लागू हुनेछन् । उपर्युक्त परिवर्तनहरुबाट १९ करोड ५० लाख थप राजश्व संकलन हुने अनुमान छ ।

५.३१ यी उल्लेखित परिवर्तनहरु बाहेक अरु भन्सार दर साविक अनुसार कायम राखिएको छ ।

५.३२ अब म आजैदेखि लागु हुने गरी अन्तःशुल्क सम्बन्धी प्रस्तावहरु पेश गर्दछु ।

५.३३ चामल र खानेतेल मिलहरुमा ३० अश्वशक्ति सम्मको लागि मात्र समदरको आधारमा र त्यसभन्दा बढी अश्व शक्ति भएका मिलहरुमा उत्पादनका आधारमा अन्तःशुल्क लगाउने गरिएकोमा आगामी आर्थिक बर्षदेखि सबै चामल र खानेतेल मिलहरुमा समदरको आधारमा अन्तःशुल्क असूल उपर गर्ने व्यवस्था गरेको छु ।

५.३४ सर्वसाधारण जनताले प्रयोग गर्ने आलमोनियमका भाँगाहरु र निर्माण कार्यमा लाग्ने एस्वस्टस सिमेण्टका सामानहरुमा लागेको अन्तःशुल्क खारेज गरेको छु । त्यस्तै घरेलु स्तरमा बढी सञ्चालन हुने उद्योगहरुले उत्पादन गर्ने स्क्वास र स्क्वास जस्तै पेय पदार्थ, जाम जेली, मार्मलेड जस्ता वस्तुहरु तथा अन्य केही वस्तुहरुमा पनि हाल लागेको अन्तःशुल्क हटाई दिएको छु ।

५.३५ समाजका सक्षम वर्गले उपभोग गर्ने कोकोकोला, पेप्सीकोला, स्प्राइट, लेमू जस्ता केही बस्तहरुमा अन्तःशुल्कको दर बढाएको छु । साथै स्वास्थ्य र सामाजिक जीवनमा प्रतिकूल असर पर्ने वियर र मदिरा जस्ता वस्तुहरुमा केही अन्तःशुल्कको दर बृद्धि गरेको छु ।

५.३६ संशोधित अन्तःशूल्क दरबन्दी अनुसूची ५ मा दिइएको छ। उपर्युक्त व्यवस्थाबाट रु.२ करोड २० लाख थप राजश्व संकलन हुने अनुमान छ ।

५.३७ हाल विक्रीकरको १७ दरहरु छन् । यसको अतिरिक्त विभिन्न बस्तुहरुलाई विभिन्न दरले वितरण खर्च वापत मार्कअप गर्ने गरिएकोले वास्तविक विक्रीकर बस्तुपिच्छे फरक फरक रहिआएको छ। साथै उही वस्तुहरुलाई पैठारीमा एक दर र आन्तरिक उत्पादनलाई अर्को दर गर्ने गरिएकोले स्वदेशी उद्योगले कति संरक्षण पाएको छ भन्ने लेखाजोखा गर्न पनि कठिनाई भएको छ। यसकारण विक्रीकरलाई सरलीकरण गर्न आजैदेखि लागू हुने गरी ५,१०,१५ र २० प्रतिशत गरी जम्मा चार किसिमका विक्रीकर दर मात्र कायम हुने गरी दरबन्दी मिलाएको छु। आन्तरिक उत्पादनमा विक्रीकर लगाउँदा मार्कअप गर्ने व्यवस्था खारेज गरेको छु।

५.३८ सर्वसाधारणले प्रयोग गर्ने स्वदेशी मात्र नै उत्पादन हुने सूती कपडामा विक्रीकर पूर्णरुपले छुट दिने व्यवस्था गरेको छु।

५.३९ आगामी बर्षदेखि टेलीफोन र तत्सम्बन्धी सेवामा ५ प्रतिशत विक्रीकर लगाउने व्यवस्था गरेको छु।

५.४० संशोधित विक्रीकरका दरहरु अनुसूची ६ मा दिइएको छ। उपर्युक्त परिवर्तनहरुबाट रु.१० करोड ६० लाख राजश्व संकलन हुने अनुमान छ।

५.४१ यसमा उल्लेखित परिवर्तनहरु बाहेक विक्रीकर सम्बन्धी अरु व्यवस्था यथावत कायम राखिएको छ।

५.४२ हालसम्म सिनेमाहरुको लागि मनोरञ्जन कर प्रवेश शुल्क रकमको आधारमा लगाई आएकोमा आगामी बर्षदेखि प्रवेश शुल्कको आधारमा नलगाई निम्न बमोजिम मनोराञ्जन कर लगाई असूल गरिनेछ :

| | | |
|---|---|---|
| (क) ड्रेस सर्कल | रु.८।– | प्रति टिकट |
| (ख) बल्कोनी | रु.६।७५ | ,, |
| (ग) स्पेशल | रु. ५।५० | ,, |
| (घ) पहिलो श्रेणी | रु. ३।– | ,, |
| (ङ) दोश्रो श्रेणी | रु. १।७५ | ,, |
| (द्ध) तेश्रो श्रेणी | रु. ।५० | ,, |

उपर्युक्त प्रस्तावित दरमा काठमाडौ उपत्यका बाहेक अन्य जिल्लामा साविक बमोजिम २० प्रतिशत छुट कायमै राखिएको छ ।

५.४३ यसबाट रु.१० लाख थप राजश्व संकलन हुने अनुमान छ। मनोरञ्जन कर सम्बन्धी अरु व्यवस्था यथावत कायमै राखिएको छ।

५.४४ माथि उल्लेखित कर परिवर्तनहरु बाहेक अरु करहरु यथावत कायम राखिएको छ।

मैले अघि आगामी आर्थिक बर्ष २०४३।४४ को आय व्यय विवरण पेश गर्दा जम्मा रु.१ अरब ६५ करोड ५० लाख न्यून हुने उल्लेख गरेको थिएँ। त्यसमध्ये कर परिवर्तनबाट रु.४१ करोड ५० लाख प्राप्त हुने भै अब रु.१ अरब २४ करोड न्यून रहन आउने छ। यसलाई गैह्र बैकिङ्ग क्षेत्रबाट रु.४४ करोड र बैकिङ्ग क्षेत्रबाट रु.८० करोड आन्तरिक ऋण उठाई पूर्ति गर्ने प्रस्ताव गरेको छु।

६.१ श्री ५ को सरकारले सामना गर्नुपरेका समस्याहरुमा राजश्व र खर्चमा असन्तुलन भै बढ्दो बजेट घाटा र व्यापारमा भएको असन्तुलनले विदेशी मुद्राको संचयमा भएको ह्रास र मुद्रा प्रदाय र मूल्य स्फितिमा परेको चाप नै आजको मुख्य समस्या हो। यो समस्याको निराकरणको एक मात्र उपाय उत्पादनमा बृद्धि गरी आपूर्ति स्थितिलाई सुदृढ गर्नु हो। यही नै आज हाम्रो अगाडि चुनौति छ। प्रस्तुत आय व्यय विवरणमा अपनाइएको नीति र कार्यक्रमले यस चुनौतिलाई सामना गरी अर्थतन्त्रको गति सही दिशातर्फ लैजाने कुरामा म विशवस्त छु।

६.२ जनताको बढ्दो आकांक्षालाई परिपूर्ति गर्दै लग्ने क्रममा हाम्रा विकास कार्यहरु परिलक्षित छन्। यी कार्यहरुको सफल कार्यान्वयनको निमित्त आवश्यक साधन जुटाउन आन्तरिक साधन बढी मात्रामा परिचालन गर्ने प्रयास गरिएको छ। तर आजको परिप्रेक्षमा आन्तरिक साधनले मात्र हाम्रा सम्पूर्ण विकास कार्यक्रमहरु संचालन हुन नसक्ने तथ्यलार्य दृष्टिगत गरी विकास कार्य संचालनमा साधनको कमी हुन नदिन वाह्य साधन परिचालनमा पनि विशेष प्रयत्न गरिएको छ। यस परिप्रेक्षमा विश्व बैकको संयोजकत्वमा गठन भएको नेपाल सहायता समूहको महत्वपूर्ण भूमिका रहेको छ। गत माघ महिनामा जापान सरकारको सौहार्दतामा टोकियोमा भएको यस समूहको छैठौ बैठकमा नेपालको विकास प्रयासमा बढी मात्रामा सहयोग उपलब्ध हुने आश्वासन प्राप्त भएको छ। यस अवसरमा हाम्रो विकास कार्यमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने सबै मित्र राष्ट्र तथा अन्तरराष्ट्रिय संस्थाहरुलाई **श्री ५ को सरकारको** तर्फबाट म आभार व्यक्त गर्दछु।

६.३ दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थाले पच्चीस बर्ष पूरा गरी देशमा राजनैतिक स्थायित्व ल्याइसकेको छ। आर्थिक विकासतर्फ भने हामीले अझ धेरै गर्न बाँकी नै छ। यसै तथ्यलाई महसूस गरिबक्सी **श्री ५ महाराजाधिराज** सरकारबाट आगामी पन्ध्र बर्षभित्र नेपाली जन–जीवन स्तरलाई एशियाली मापदण्डमा उकास्ने आव्हान गरिबक्सेको छ। यस लक्ष्य हासिल गर्ने क्रममा आगामी आर्थिक बर्षको कार्यक्रमले केही पूर्वाधार सृजना गर्नमा सहायक सिद्ध हुनेछ भन्ने विश्वास लिएको छु। यो पुनित कार्यमा सबै नेपालीहरुको सहयोग र विशेष गरी माननीय सदस्यहरुको सक्रिय सहयोगको अपेक्षा गर्दछु।

आय व्ययको विवरण

रु. हजारमा

| आ.ब. ०४१।४२ को यथार्थ | विवरण | आ.ब. ०४२।४३ को संशोधित अनुमान | आ.ब. ०४३।४४ को अनुमान |
|---|---|---|---|
| ८,३९४,९४६ | कूल खर्च | ९,५९५,३०४ | १३,०५२,६३० |
| २,९०६,१५३ | साधारण तर्फ | ३,६०२,७१० | ४,३०७,०९६ |
| ५,४८८,७९३ | विकास तर्फ | ५,९९२,५९४ | ८,७४५,५३४ |
| | खर्च व्यहोर्ने श्रोतहरु | | |
| ३,९१६,६४७ | राजश्व | ४,६२४,६६८ | ५,८७५,१२५ |
| | राजश्वको वर्तमान श्रोतबाट | | ५,४६०,१२५ |
| | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट | | ४१५,००० |
| ९२३,४४७ | बैदेशिक सहायता (अनुदान) | १,३८०,८२४ | २,३७४,३१४ |
| ७५६,९३३ | द्विपक्षीय | १,१६२,०५२ | १,९६०,६७२ |
| १६६,५१४ | बहुपक्षीय | २१८,७७२ | ४१३,६४२ |
| -३,५५४,८५२ | बचत (+) न्यून (-) | -३,५८९,८१२ | -४,८०३,१९१ |
| | न्यून पूर्ति गर्ने श्रोतहरु | | |
| १,७५४,९२४ | विदेशी सहायता (ऋण) | २,२२४,८८२ | ३,५६३,१९१ |
| ३९९,३५६ | द्विपक्षीय | ३६८,९२५ | ४०९,७६२ |
| १,३५५,५६८ | बहुपक्षीय | १,८५५,९५७ | ३,१५३,४२९ |
| १,७९९,९२८ | आन्तरिक ऋण | १,३६४,९३० | १,२४०,००० |
| १,२९९,९२८ | बैकिङ्ग क्षेत्र | १,००४,९३० | ८००,००० |
| ५००,००० | गैर बैकिङ्ग क्षेत्र | ३६०,००० | ४४०,००० |
| | नगद मौज्दातमा परिवर्तन (- बचत) | | |

राजश्व अनुमान
२०४३/४४

रु.हजारमा

| संकेत संख्या | शीर्षक | वर्तमान श्रोतबाट | कर परिवर्तन र प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|
| | कूल जम्मा | ५,४६०,१२५ | ४१५,००० | ५,८७५,१२५ |
| १.१.१.० | भन्सार महसूल | १,४५०,००० | १९५,००० | १,६४५,००० |
| १.१.१.१ | पैठारीबाट | १,२८०,००० | १८८,००० | १,४६८,००० |
| १.१.१.२ | निकासीबाट | ६९,००० | ७,००० | ७६,००० |
| १.१.१.३ | भारतीय अन्तःशुल्क फिर्ता | १००,००० | | १००,००० |
| १.१.१.४ | भन्सारको अन्य आय | १,००० | | १,००० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | २,१७२,००० | १४३,००० | २,३१५,००० |
| १.१.२.१ | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ७००,००० | २२,००० | ७२२,००० |
| १.१-२.२ | मदभट्टी ठेक्का रकम | २,५०० | ० | २,५०० |
| १.१.२.३ | बिक्री कर | १,२७७,५०० | १०६,००० | १,३८३,५०० |
| १.१.२.४ | मनोरञ्जन कर | २५,००० | १,००० | २६,००० |
| १.१.२.६ | होटल कर | ५०,००० | ० | ५०,००० |
| १.१.२.७ | हवाइ उडान कर | ३०,००० | १४,००० | ४४,००० |
| १.१.२.८ | ठेक्का कर | ७५,००० | ० | ७५,००० |
| १.१.२.९ | सडक पुल सम्भार कर | १२,००० | ० | १२,००० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | २४२,५०० | १२,५०० | २५५,००० |
| १.१.३.१ | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ७०,००० | ० | ७०,००० |
| १.१.३.३ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | १७०,००० | १५,००० | १८५,००० |
| १.१.३.४ | आय टिकट दस्तुर | २,५०० | -२,५०० | ० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | ४७६,५०० | ६४,५०० | ५४१,००० |
| १.१.४.१ | आयकर –सरकारी क्षेत्र | १२०,००० | -४,००० | ११६,००० |
| १.१.४.२ | आयकर– अर्घ सरकारी क्षेत्र | १२,५०० | ५,००० | १७,५०० |
| १.१.४.३ | आयकर–सार्वजनिक क्षेत्र | २,५०० | १,००० | ३,५०० |
| १.१.४.४ | आयकर – निजी क्षेत्र | २६०,००० | ४१,५०० | ३०१,५०० |
| १.१.४.५ | आयकर–पारिश्रमिक | २९,००० | ० | २९,००० |
| १.१.४.७ | शहरी क्षेत्र घरजग्गा कर | १२,५०० | ० | १२,५०० |
| १.१.४.८ | सवारी साधन कर | २०,००० | १,००० | २१,००० |
| १.१.४.९ क | ब्याज कर | २०,००० | २०,००० | ४०,००० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | २३०,१२५ | ० | २३०,१२५ |
| १.१.५.१ | फर्म रजिष्ट्रेशन दस्तुर | ९,१२५ | | ९,१२५ |
| १.१.५.३ | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | २,००० | | २,००० |
| १.१.५.४ | सावरी इजाजत दस्तुर | ९,००० | | ९,००० |
| १.१.५.५ | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | २०,००० | | २०,००० |
| १.१.५.६ | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | १९०,००० | | १९०,००० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको बिक्रीबाट प्राप्त आय | ३०५,५०० | ० | ३०५,५०० |
| १.१.६.१ | पिउने पानी महसूल | १,५०० | | १,५०० |
| १.१.६.२ | पानीपोत | १,५०० | | १,५०० |
| १.१.६.३ | विद्युत महसूल | ५,००० | | ५,००० |
| १.१.६.४ | हुलाक सेवा | ४५,००० | | ४५,००० |
| १.१.६.५ | खाद्य कृषि क्षेत्रको आय | ५२,५०० | | ५२,५०० |
| १.१.६.६ | शिक्षा क्षेत्रको आय | १०,००० | | १०,००० |
| १.१.६.७ | वन क्षेत्रको आय | ८०,००० | | ८०,००० |
| १.१.६.८ | यातायात क्षेत्रको आय | ५०,००० | | ५०,००० |
| १.१.६.९ | अन्य सरकारी क्षेत्रको आय | ६०,००० | | ६०,००० |
| १.१.७.० | लाभांस | ११२,००० | ० | ११२,००० |
| १.१.७.१ | वित्तीय स.स्था | १००,००० | | १००,००० |
| १.१.७.२ | व्यापारिक संस्था | १,००० | | १,००० |
| १.१.७.३ | औद्योगिक संस्था | १०,००० | | १०,००० |
| १.१.७.४ | सेवामूलक संस्था | १,००० | | १,००० |

| | | | | |
|---|---|---|---|---|
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | २५,००० | ० | २५,००० |
| १.१.८.१ | खानी रोयल्टी | २,५०० | | २,५०० |
| १.१.८.३ | अन्य रोयल्टी | ११,००० | | ११,००० |
| १.१.८.४ | अन्य बिक्री | ११,५०० | | ११,५०० |
| १.१.९.० | साँव र ब्याज | ४३६,५०० | ० | ४३६,५०० |
| १.१.९.१ | साँवा–कम्पनी र स.स्थानहरुबाट | २६०,००० | | २६०,००० |
| १.१.९.२ | ब्याज–कम्पनी र संस्थानहरुबाट | १७५,००० | | १७५,००० |
| १.१.९.३ | अन्य साँवा र ब्याज | १,५०० | | १,५०० |
| १.१.९.० | विविध आय | १०,००० | ० | १०,००० |
| १.१.९.४ | विविध आय | १०,००० | | १०,००० |

आ.ब. २०४१।४२ को यथार्थ र २०४२।४३ को संशोधित अनुमान
(राजश्व)

रु. हजारमा

| संकेत संख्या | शीर्षक | आ.ब. २०४१।४२ को यथार्थ | आ.ब. २०४२।४३ को संशोधित अनुमान |
|---|---|---|---|
| | कूल जम्मा | ३,९१६,६४७ | ४,६२४,६६८ |
| १.१.१.० | भन्सार महसूल | १,०६४,३८२ | १,२७८,००० |
| १.१.१.१ | पैठारीबाट | ९०७,५६७ | १,११२,६०० |
| १.१.१.२ | निकासीबाट | ५५,६८२ | ७२,५०० |
| १.१.१.३ | भारतीय अन्तःशुल्क फिर्ता | ९९,९८० | ९२,००० |
| १.१.१.४ | भन्सारको अन्य आय | १,१५३ | ९०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुलक र कर | १,५२६,८९९ | १,८२८,५०० |
| १.१.२.१ | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ४७८,९६४ | ५९५,००० |
| १.१.२.२ | मदभट्टी ठेक्का रकम | ४,८७४ | ५,००० |
| १.१.२.३ | विक्री कर | ८४५,७७० | १,०२०,००० |
| १.१.२.४ | मनोरञ्जन कर | २४,३७९ | २०,५०० |
| १.१.२.६ | होटल कर | ३८,७८९ | ४२,५०० |
| १.१.२.७ | हवाइ उडान कर | २६,९४८ | २५,५०० |
| १.१.२.८ | ठेक्का कर | १०३,५९७ | ११०,००० |
| १.१.२.९ | सडक पुल सम्भार कर | ३,५७८ | १०,००० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | २१८,५७० | २४९,००० |
| १.१.३.१ | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ७६,८८० | ७०,००० |
| १.१.३.३ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | १४१,६९० | १६५,००० |
| १.१.३.४ | आय टिकट दस्तुर | | १४,००० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | ३४१,०२७ | ३९९,५०० |
| १.१.४.१ | आयकर –सरकारी क्षेत्र | ९३,०५७ | १३०,००० |
| १.१.४.२ | आयकर– अर्घ सरकारी क्षेत्र | १,४२४ | ७,५०० |
| १.१.४.३ | आयकर–सार्वजनिक क्षेत्र | ५०० | २,५०० |
| १.१.४.४ | आयकर – निजी क्षेत्र | १९५,९५९ | १९०,००० |
| १.१.४.५ | आयकर–पारिश्रमिक | १६,३४८ | २०,००० |
| १.१.४.७ | शहरी क्षेत्र घरजग्गा कर | १२,०७५ | १०,००० |
| १.१.४.८ | सवारी साधन कर | १५,२७७ | १७,५०० |
| १.१.४.९ क | ब्याज कर | ६,३८७ | २२,००० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | २८३,२८७ | १६८,९५२ |
| १.१.५.१ | फर्म रजिष्ट्रेशन दस्तुर | ७,८२० | ८,५९२ |
| १.१.५.३ | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ८६१ | ८७९ |
| १.१.५.४ | सवारी इजाजत दस्तुर | ६,२२१ | ६,९०५ |
| १.१.५.५ | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | ११,७४० | १२,५७६ |
| १.१.५.६ | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | २५६,६४५ | १४०,००० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | २५३,१०० | २९९,८५९ |
| १.१.६.१ | पिउने पानी महसूल | १,२०४ | १,४२१ |
| १.१.६.२ | पानीपोत | ९८१ | ७६९ |
| १.१.६.३ | विद्युत महसूल | २५,९२२ | ५,००० |
| १.१.६.४ | हुलाक सेवा | ३७,२९८ | ४०,००० |
| १.१.६.५ | खाद्य कृषि क्षेत्रको आय | १३,३७५ | ३८,५०० |
| १.१.६.६ | शिक्षा क्षेत्रको आय | ६,७३६ | ८,००० |
| १.१.६.७ | वन क्षेत्रको आय | ९०,४९४ | ११०,००० |
| १.१.६.८ | यातायात क्षेत्रको आय | ३२,३७३ | ४३,९७४ |
| १.१.६.९ | अन्य सरकारी क्षेत्रको आय | ४४,७१७ | ५२,१९५ |
| १.१.७.० | लाभांस | ८६,१५४ | १०८,६०१ |
| १.१.७.१ | वित्तीय स.स्था | ८१,०८१ | ९६,१४९ |
| १.१.७.२ | व्यापारिक संस्था | १,९८३ | २,००२ |
| १.१.७.३ | औद्योगिक संस्था | ३,०८९ | १०,००० |
| १.१.७.४ | सेवामूलक संस्था | १ | ४५० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | ३१,७०७ | १९,१३९ |

| | | | |
|---|---|---|---|
| १.१.८.१ | खानी रोयल्टी | २,६४७ | २,९२४ |
| १.१.८.३ | अन्य रोयल्टी | १५,१३६ | ५,१९१ |
| १.१.८.४ | अन्य विक्री | १३,९२४ | ११,०२४ |
| १.१.९.० | साँव र ब्याज | १०१,६३३ | २२१,८११ |
| १.१.९.१ | साँवा–कम्पनी र स.स्थानहरुबाट | ६७,४७२ | १४०,००० |
| १.१.९.२ | ब्याज–कम्पनी र संस्थानहरुबाट | ३३,२१३ | ८०,००० |
| १.१.९.३ | अन्य साँवा र ब्याज | ९४८ | १,८११ |
| १.१.९.० | विविध आय | ९,८८८ | ५१,३०६ |
| १.१.९.४ | विविध आय | ९,८८८ | ५१,३०६ |

व्यय अनुमान
(साधारण बजेट)

रु.हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४१।४२ को यथार्थ | आ.ब. २०४२।४३ को संशोधित अनुमान | आ.ब. २०४३।३३ को अनुमान |
|---|---|---|---|---|---|
| १. संवैधानिक अंगहरु | १ | | ६०,९१३ | १२६,५२० | १४६,९४३ |
| | १.१ | श्री ५ महाराजाधिराज तथा राज परिवार | १७,२५१ | २५,५२५ | २५,५२५ |
| | १.२ | राजसभा | १,९६७ | २,०६५ | २,८२३ |
| | १.३ | राष्ट्रिय पञ्चायत | ७,७४३ | १०,०१० | १२,४६३ |
| | १.४ | महालेखा परिक्षकको विभाग | ८,९०१ | ८,२५५ | १३,०४२ |
| | १.५ | सर्वोच्च अदालत | ३,४४५ | ४,२८६ | ५,२७८ |
| | १.६ | लोक सेवा आयोग | ८,८४४ | ८,४२६ | ११,०१२ |
| | १.७ | निर्वाचन आयोग | ४,७९५ | ५७,५४४ | ४७,७२८ |
| | १.८ | अख्तियार दुरुपयोग निवार आ. | १,१२२ | १,२४२ | २,१८५ |
| | १.९ | महान्यायाधिवक्ताको कार्यालय | १,४९६ | १,५६३ | १,७६८ |
| | १.१ | पञ्चायत नीति तथा जाँजबुझ स. | ५,३४९ | ७,६०४ | २५,११९ |
| २. साधारण प्रशासन | २ | | ४११,१६५ | ४९५,८८८ | ५९६,१२४ |
| | २.१ | मन्त्रिपरिषद् | ३,९८१ | ५,३८६ | ५,७८५ |
| | २.२ | श्री ५ को सरकारको सचिवालय | ४३,२५४ | ४९,७६२ | ५७,९९६ |
| | २.३ | जिल्ला प्रशासन | ४०,३४८ | ४९,३६६ | ५५,५४१ |
| | २.४ | प्रहरी | २८८,०४९ | ३५१,९९५ | ४१०,९०३ |
| | २.५ | कारागार | २५,०३९ | २६,७२३ | २९,१६६ |
| | २.६ | विविध | १०,३४४ | १२,२२० | ३६,२८३ |
| | २.७ | प्रशासन सुधार | १५० | ४३६ | ४५० |
| ३. राजश्व प्रशासन | ३ | | ६२,८८१ | ७४,४४५ | ९०,५९९ |
| | ३.१ | मालपोत | २९,०८५ | ३३,४५६ | ३९,६६६ |
| | ३.२ | भन्सार | १८,२७० | २२,८४६ | २७,४९८ |
| | ३.३ | अन्त:शुल्क | ७,९९६ | ८,६३६ | १०,५७७ |
| | ३.४ | कर | ७,२६९ | ९,१७० | १२,४४३ |
| | ३.५ | राजश्व न्यायाधिकरण | २६१ | ३३७ | ४१५ |
| ४. आर्थिक प्रशासन र योजना | ४ | | २८,०४७ | ३४,०२९ | ४०,७४८ |
| | ४.१ | योजना | १,१९७ | १,७१३ | २,२८१ |
| | ४.२ | तथ्याङ्क | १,१२६ | १,५१८ | १,६८७ |
| | ४.३ | महालेखा नियन्त्रक कार्यालय | २३,५७६ | २८,३०५ | ३३,९१५ |
| | ४.४ | मेट्रिक नापतौल | २,१४८ | २,४९३ | २,८६५ |
| ५.न्याय प्रशासन | ५ | | ४३,८६५ | ५३,५६५ | ६३,८७४ |
| | ५.१ | अदालत | ४३,६०० | ५३,२३२ | ६३,५११ |
| | ५.२ | अ.दु.नि.पुरावेदन अदालत | २६५ | ३३३ | ३६३ |
| ६.बैदेशिक सेवा | ६ | | ६२,३३६ | ७५,९४२ | १०३,१३३ |
| | ६.१ | ब्रैदेशिक सेवा | ५३,०१६ | ६१,०३६ | ७५,७९६ |
| | ६.२ | विविध | ९,३२० | १४,९०६ | २७,३३७ |
| ७. रक्षा | ७ | | ५०७,८७४ | ५५४,७८७ | ६९३,१६७ |
| | ७.१ | रक्षा | ४३५,३९३ | ४६५,५२७ | ५८२,७२५ |
| | ७.२ | विविध | ७२,४८१ | ८९,२६० | ११०,४४२ |
| ८. सामाजिक सेवाहरु | ८ | | ४१०,५९८ | ५११,२१४ | ५२४,११५ |
| | ८.१ | शिक्षा | १६१,४४३ | २०५,४७० | २४२,५७७ |
| | ८.२ | स्वास्थ्य | १३९,४२९ | १७५,२७५ | २००,४२६ |
| | ८.३ | पाउने पानी | ८,७७२ | ९,९६५ | १२,०२९ |
| | ८.४ | पञ्चायत तथा स्थानिय विकास | ६९,४४९ | ८२,९२३ | २४,६८० |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ३१,५०५ | ३७,५८१ | ४४,४०३ |
| ९. आर्थिक सेवाहरु | ९ | | १९९,४२४ | २५९,००० | २९५,५०२ |
| | ९.१ | कृषि | ६,३४४ | ७,२१४ | ८,२६४ |
| | ९.२ | सिंचाई | ५,८२८ | ६,७३९ | ८,१६५ |
| | ९.३ | भूमिसुधार | १७,४६० | २२,९५७ | २७,४३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ९.४ | नापी | ८,२९२ | ९,९५३ | १२,८७४ |
| | ९.५ | बन | ८,७०० | ११,७१४ | १४,९३३ |
| | ९.६ | उद्योग तथा खानी | ५,१६६ | ७,४३० | ८,१३१ |
| | ९.७ | सञ्चार | ७४,७८६ | ११०,३८४ | १२१,४०२ |
| | ९.८ | यातायात | ६१,३३२ | ६८,२८५ | ८९,५७८ |
| | ९.९ | विद्युत | ८,२९३ | १०,१७७ | ० |
| | ९.१ | अन्य आर्थिक सेवाहरु | ३,२२३ | ४,१४७ | ४,७२० |
| १०.ऋण तथा लगानी | १० | | ११,१२१ | १३,२६० | १३,७६० |
| | १०.१ | ऋण तथा लगानी | ११,१२१ | १३,२६० | १३,७६० |
| ११. साँवा र ब्याज भुक्तानी | ११ | | ६७८,१८२ | १,०१२,०८२ | १,२९५,००० |
| | ११.१ | साँवा भुक्तानी | १७४,६६७ | ३०८,२८६ | ३८९,०१० |
| | ११.२ | ब्याज भुक्तानी | ५०३,५१५ | ७०३,७९६ | ९०५,९९० |
| १२. विविध | १२ | | ४२९,७४७ | ३९१,९७८ | ४४४,१३१ |
| | १२.१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | १३,११८ | ३३,७०० | ४०,००० |
| | १२.२ | निवृत्तिभरण,भत्ता तथा उपदान | ५९,३२५ | ९६,४७० | ११०,००० |
| | १२.३ | अतिथि सत्कार | ३२५ | ५६० | ५०० |
| | १२.४ | आकस्मिक सहायता चन्दा तथा पुरस्कार | ९५ | २४ | २०० |
| | १२.५ | मुआब्जा | ३४३ | २९६ | १,००० |
| | १२.६ | अन्य | ९९,३९२ | १७४,४२८ | २३२,४३१ |
| | १२.७ | भैपरी आउने | २५७,१४९ | ८६,५०० | ६०,००० |
| कूल जम्मा | | | २,९०६,१५३ | ३,६०२,७१० | ४,३०७,०९६ |

व्यय अनुमान ( विकास बजेट)

रु. हजारमा

| मुख्य शिर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४९।५० को यथार्थ | आ.ब. २०४९।५० को संशोधित अनुमान | आ.ब. २०५०।५१ को अनुमान |
|---|---|---|---|---|---|
| २. साधारण प्रशासन | | | ११,९३८ | १४,८४४ | १७,२३३ |
| | २.७ | प्रशासन | ११,९३८ | १४,८४४ | १७,२३३ |
| ४. आर्थिक योजना र प्रशासन | | | ५,२०० | ४,५६४ | ८,०७१ |
| | ४.१ | योजना | २,७२७ | २,२०० | ३,८२३ |
| | ४.२ | तथ्याक | २,४७३ | २,३६४ | ४,२४८ |
| ८. सामाजिक सेवाहरु | | | १,५०१,२४० | १,६३६,३७९ | २,३६७,५४३ |
| | ८.१ | शिक्षा | ६४४,२३७ | ६८५,००६ | १,०४३,८०८ |
| | ८.२ | स्वास्थ्य | २५४,७९१ | ३१२,३८३ | ३७९,५८९ |
| | ८.३ | पिउने पानी | २०१,५८२ | २५३,७४७ | २९८,६९४ |
| | ८.४ | स्थानीय विकास | ३३९,३३४ | ३१५,७५५ | ५३६,९६५ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ६१,२९६ | ६९,४८८ | १०८,४८७ |
| ९. आर्थिक सेवाहरु | | | ३,६१७,१०९ | ४,२४१,३०७ | ६,१३७,६८७ |
| | ९.१ | कृषि | ७०३,६०२ | ८३५,४४७ | ८७३,९८२ |
| | ९.२ | सिंचाई | ६५२,२४० | ७६०,५५८ | ८५०,४९१ |
| | ९.३ | भूमिसुधार | १७,९१४ | २५,५४९ | २५,१२२ |
| | ९.४ | नापी | ४०,७०८ | ४४,३५७ | ७४,८९६ |
| | ९.५ | बन | २९०,४०० | ३०१,५६८ | ४७४,५०७ |
| | ९.६ | उद्योग तथा खानी | ३४७,०२७ | ३६३,६३० | ४४०,१०१ |
| | ९.७ | सञ्चार | ९०,३९४ | ८७,१५५ | १६४,३८९ |
| | | (क) हुलाक | -५,२४८ | -१,०१४ | -४,७१४ |
| | | (ख) दूर संचार | -८५,१४६ | -८६,१४१ | -१५९,६७५ |
| | ९.८ | यातायात | ९२३,०१७ | ६७३,०८० | १,२२४,४२१ |
| | | (क) सडक | -५१९,५१५ | -५३५,८४८ | - १,००२,८०८ |
| | | (ख) पूल | -५३,४८१ | -५२,६९० | -७४,३११ |
| | | (ग) हवाई | -३४७,०८५ | -८३,७५५ | -१४६,५२९ |
| | | (घ) अन्य यातायात | -२,९३६ | -७८७ | -७७३ |
| | ९.९ | विद्युत | ५०४,८७० | १,०९६,४०८ | १,८१९,०५२ |
| | ९.१ | अन्य आर्थिक सेवाहरु | ४६,९३७ | ५३,५५५ | १९०,७२६ |
| | | (क) वाणिज्य | -२६,८९८ | -१०,१२२ | -१४,९२२ |
| | | (ख) श्रम | -३,५७९ | -४,९२५ | -५,४३५ |
| | | (ग) पर्यटन | -९,३१७ | -४,६९१ | -१३५,९०२ |
| | | (घ) हावापानी तथा जलवायू | -६,०४६ | -१२,३७४ | -१७,६६० |
| | | (ङ) अन्य | -१,०९७ | -२१,४४३ | -१६,८०७ |
| १२. विविध | | | २९९,०२७ | ५५,००० | ७०,००० |
| | १२.६३ | अन्य | ५४,२७९ | ४०,५०० | १४५,००० |
| | १२.७ | भैपरी | २९९,०२७ | ५५,००० | ७०,००० |
| | कूल जम्मा | | ५,४८८,७९३ | ५,९९२,५९४ | ८,७४५,५३४ |